# घरेलु कामदार बालबालिकाहरूको शैक्षिक अवस्था

***नारायण प्रसाद वेल्वासे****

**सारांश**

*लेखको शीर्षक घरेलु कामदार बालबालिकाहरूको शैक्षिक अवस्था रहेको छ । यसको उद्देश्य घरेलु कामदार वालकालिकाहरूले शिक्षा आर्जनमा सामाना गनुपर्ने समस्याहरूको पहिचान गरी सुझाव दिनु रहेको छ । यो अध्ययन १० देखि १६ वर्ष उमेर समूहका २० जना केटाकेटीहरूमा सीमित गरिएको छ । लेखको ढाँचा गुणात्मक र परिमाणात्मक छ । तथ्याङ्क सङ्कलन गर्न प्राथमिक तथा द्वितीय स्रोतहरूको प्रयोग गरिएको छ । छलफल र नतिजाअर्न्तगत घरेलु बलश्रमिकका विभिन्न समस्याहरू, जस्तै- वैयक्तिक, परिवारिक, आर्थिक तथा सामाजिक, नीतिगत, भेदभाव, शैक्षिक, साथीसमूहसँग जोडिएका समस्याहरूका साथै शैक्षिक पहुँच बढाउने उपायहरूको व्याख्या तथा सुझावहरू दिइएको छ ।*

**पृष्ठभूमि**

बाल्यकाल मानव जीवनको महत्त्वपूर्ण समय हो । बालबालिकाको जीवनपर्यन्त आइपर्ने समस्या र चुनौतीसँग जुध्नका लागि बाल्यकालमा आर्जित शिक्षादीक्षाले महत्त्वपूर्ण भूमिका खेल्दछ । बालबालिकाहरूको शारीरिक, मानसिक, सामाजिक, नैतिक, चारित्रिक आदि विकास गर्नका लागि शिक्षाको ठूलो भूमिका रहन्छ । शिक्षा एक ज्योतिपुञ्ज हो, जसले जीवनमा आइपर्ने असहज परिस्थितिलाई सहज र सरल बनाउन सहयोग गर्दछ । बालक जन्मेपछि उसले आर्जन गर्ने शिक्षा थुप्रै सामाजिक तत्त्वहरूसँग सापेक्षित रूपमा रहेको हुन्छ । समाजमा रहने स्तरीकरण र विविधताहरूले गर्दा शिक्षा आर्जन गर्ने हरेक सिकारु बालबालिकाहरूले समान अवसर, पहुँच र अधिकारहरू प्राप्त गरेका हुँदैनन् । शिक्षाको अवसर प्राप्त गर्ने बालबालिकाहरू आफै पनि थुप्रै चुनौतीहरूसँग जुध्न बाध्य भइरहेको पाइन्छ । शिक्षाको विश्वव्यापी अवस्था हेर्दा थुप्रै विविधता पाइन्छ भने नेपालको शैक्षिक नीति, अर्थतन्त्र, बालबालिकाको शिक्षाप्रतिको धारणा स्रोत र साधनको उपलब्धताजस्ता कुराहरूले पनि शैक्षिक अवसरलाई निर्धारण गरिरहेको पाइन्छ । नेपालको सन्दर्भमा कुरा गर्दा कृषि प्रणाली र जीविकोपार्जन प्रणालीमा बालबालिकाको सहभागिता बाहेक झन्डै ७०,००० बालबालिकाहरू बालश्रमिकको रूपमा कार्यरत छन् भने २१,००० बालबालिकाहरू घरेलु कामदारको रूपमा कार्यरत भेटिन्छन् (आइ.एल.ओ, २००५) ।

संसारका धेरै मुलुकहरूमा बालबालिकाहरूलाई जोखिमपूर्ण कामहरू गर्न बाध्य पारिन्छ । रबर खेती, कपास खेती, कफी, चिया, निर्माण उद्योग, जहाज र घरेलु कामदारको रूपमा १४ वर्ष मुनिका बालबालिकाहरूलाई ज्यानै जान सक्ने कठिन काममा लगाइन्छ । मलेसियामा रबर खेतीमा १० देखि १२ वर्षका बाल मजदुरहरूले १७ घण्टासम्म काम गर्दछन् । त्यहाँ बिच्छी र सर्पको टोकाइको सामना गर्नु पर्दछ । पोर्चुगलमा १० देखि १२ वर्षका बच्चा निर्माण उद्योगहरूमा ज्यानै जाने जोखिमपूर्ण काम गर्न बाध्य छन् । मोरक्कोमा लामो समयसम्म पाखुराको बलमा तानमा काम गर्नुपर्दछ । विश्राम गर्ने समय नै पाउँदैनन् । अमेरिकामा, गार्मेन्ट, कार्पेट, फिलिपिन्समा माछा मार्ने,

* सहप्राध्यापक डा. वेलवासे बुटवल बहुमुखी क्याम्पस, त्रि.वि., बुटवलमा कार्यरत हुनुहुन्छ ।

जाल हान्नेजस्ता कामकाजमा बालबालिकाको लागि अत्यन्तै चर्को शोषण हुन्छ । बालश्रम शोषणको प्रकृतिमा भिन्नता छ, तर यो एक विश्वव्यापी समस्या हो । गरिब परिवारका लाखौं बालबालिकाहरू शैक्षिक तथा आर्थिक कारणले गर्दा बालश्रम गर्न बाध्य छन् । आर्थिक अवस्थामा प्राकृतिक प्रकोप, आन्तरिक द्वन्द्व, युद्ध, अशान्ति सँगसँगै नीति निर्माण र कार्यान्वयनको पक्षमा रहेको शिथिलताले गर्दा तेस्रो मुलुकमा बालमजदुर प्रमुख समस्याका रूपमा देखा परेको छ । घर परिवारको जीवनरक्षाको निमित्त धेरैभन्दा धेरै बालबालिकाको श्रम बजारमा पुग्न बाध्य छ (राना, २०६३) ।

अन्य महादेशहरूमा भन्दा तुलनात्मक रूपमा दक्षिण एसियाको खास गरी सार्क मुलुकहरूमा बालश्रमको समस्या निकै ठुलो छ । बढी जनसङ्ख्या, व्यापक गरिबी, कमजोर शिक्षा प्रणाली, रूढिवादी सामाजिक मान्यताहरू नै वालश्रम उत्पत्तिको आधारको रूपमा रहेको मानिन्छ । बालमजदुर, सम्पत्ति पूँजीवादी अर्थ व्यवस्थाको उपजका रूपमा मानिन्छ । नेपाल जस्तो कृषि प्रधान मुलुकका निमित्त बालश्रम नयाँ कुरा होइन । नेपालमा सानै उमेरदेखि नै केटाकेटीहरू काम गर्न थाल्दछन् । कृषि प्रधान देश नेपालसहित अन्य मुलुकहरूमा बालमजदुरहरू हली, गोठाला, ज्यामी, दाउरे आदिका रूपमा काम गर्दछन् । बालमजदुरले अत्यन्त कठोर श्रम गरेर घरायसी अर्थतन्त्रलाई सघाएका हुन्छन् । उनीहरू शिक्षाबाट वञ्चित छन् । पेटभरि खान, आँगभरी लगाउन, औषधी उपचार पाउनेजस्ता बालअधिकार समेतवाट वञ्चित छन् (आइ.एल.ओ १९८६) ।

नेपालको सन्दर्भमा करिब १० लाख बालबालिकाहरू विभिन्न खाले बालश्रम गर्न बाध्य छन् (काफ्ले, २०६५ : ८८), जस्तै- गिट्टी, ढुङ्गा फुटाउने, कारखानामा काम गर्ने, बँधुवा मजदुरी गर्ने, घरेलु श्रम गर्ने, होटल, रेस्टुरेन्ट, चिया पसलस्ता विविध क्षेत्रमा श्रम गर्ने गर्दछन् । भविष्यमा राष्ट्रका सर्वाङ्गीण विकासका यी धरोहरहरू राष्ट्रका सम्पत्ति हुन्, गहना हुन् र खम्बा हुन् । यिनै भविष्यमा राष्ट्रका कर्णधार हुन् । बालबालिका आज लाखौं सङ्ख्यामा आफ्ना आमा बाबुको स्नेह, माया ममता र गाउँका विद्यालयका शिक्षादीक्षाबाट विमुख भई सहरका विभिन्न घर मालिकका घरमा विभिन्न प्रकृतिका काममा अहोरात्र खटिएका छन् । आफ्ना अमूल्य समय बर्बाद गर्न बाध्य भएका छन् ।

बालसरोकार (२०५८) को प्रतिवेदनअनुसार नेपालको कुल जनसङ्ख्यामा १६ वर्षमुनिका बालबालिकाहरू ४६ प्रतिशत छन् । तदनुसार हाल मुलुकमा बालबालिकाको कुल सङ्ख्या ८६ लाख छ । जसमध्ये तथ्यमा ६० प्रतिशत बालबालिकाहरू बाँच्नका लागि आफैं श्रम गर्न बाध्य छन् । बालबालिकाहरूलाई श्रमिकको रूपमा प्रयोग गरिने विभिन्न क्षेत्रहरूमध्ये ४९ लाख बालबालिकाहरू कृषि श्रमिकको रूपमा काम गर्दछन् । आफ्ना घरका अभिभावकको सहयोगीका रूपमा काम गर्ने बालबालिकाहरूको श्रम परिभाषित र मूल्याङ्कित भएको छैन । बढ्दो सहरीकरणसँगै औद्योगिक क्षेत्रमा काम गर्ने, घरेलु कामदारको रूपमा काम गर्ने र अन्य श्रम गर्ने बालबालिकाको सङ्ख्या दिनानुदिन बढ्दै छ । यो श्रम विकासोन्मुख राष्ट्रहरूमा झन् विकराल र गहन बन्दै गइरहेको छ ।

सहर बजारका घर बङ्गलाहरूमा गरिब बालबालिकाहरूलाई घरेलु कामदारको रूपमा राखेको पाइन्छ । काठमाडौं उपत्यकाभित्र हजारौ बालबालिकाहरू बालश्रमिकको रूपमा काम गर्दछन् । अर्काको घरको चार पर्खालभित्र बन्द रहेर, अर्काको आदेश र इच्छामा काम गरेर बाँच्न पर्ने यी बालबालिकाहरूको स्थिति असुरक्षित र नियन्त्रण पूर्ण छ । हाम्रो मुलुकको सामाजिक तथा आर्थिक अवस्थाको प्रतिविम्बको रूपमा रहेको बालमजदुर कटु सत्य हो । आर्थिक अवस्था, अशिक्षा, आमाबाबुको अज्ञानता, पारिवारिक सङ्कट

शिक्षाप्रतिको नकरात्मक सोचले बालबालिकाको स्वच्छ विकास सम्भव हुँदैन । यसको परिणामस्वरूप उनीहरू घर छोडेर हिँड्छन् । उनीहरूको विकासका सम्पूर्ण ढोकाहरू बन्द हुन्छन् । त्यसपछि उनीहरू आफ्नै कमाइमा बाँच्नु पर्ने अवस्था हुन्छ । कामकै लागि बालबालिकाहरू सहर र काम गर्ने अवस्था नभए ता पनि ती बालबालिकाहरू घरेलु नोकर बन्न बाध्य हुन्छन् र मालिकको शोषणमा पर्दछन् । यसमा अर्को सामाजिक सांस्कृतिक पक्ष पनि जिम्मेवार छ । हाम्रो समाजमा सबै मजदुरका बालबालिकाहरू र दलित बालबालिकाहरू आफ्ना आमाबाबु सँगसँगै सानै उमेरदेखि सोही पेसामा लाग्न विवश छन् । यिनीहरूलाई सामाजिक रूपमा हेयको दृष्टिकोणबाट हेरिन्छ र अन्य अवसरबाट वञ्चित पारिन्छ (आइ.एल.ओ १९८६) ।

नेपालमा बालश्रमिक उन्मूलन अभियान धेरै वर्ष अघिदेखि चल्दै आए पनि कानुनी प्रक्रिया फितलो भएकोले घरेलु बालश्रमिक बढेको देखिन्छ । बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६ ले बालबालिकाहरूलाई ललाई, फकाई, झुक्काएर, डर, त्रास, प्रलोभन, दवावमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकका रूपमा काममा लगाउन नदिने नियम बनाएको छ । १८ वर्ष उमेर समूहका कैयौं बालबालिकाहरू शिक्षा आर्जन गर्ने समयमा श्रममा होमिन बाध्य भएका छन् । सरकारले सन् २०१५ सम्म "सबैका लागि शिक्षा" कार्यक्रम सञ्चालन गरे पनि यसमा घरेलु बालश्रमिकलाई समेट्न सकेको पाइँदैन । दशौं योजनामा ९० हजार बालश्रमिक निवारण गर्ने त्यसमा पनि सुरूमा ५ वर्षभित्रमा बालश्रम उन्मूलन गर्ने र श्रम बजारमा बालश्रमलाई स्थापित नगर्न पनि निर्देशन दिने प्रतिबद्धता सरकारले जनाइसकेको छ । यसरी घरेलु बालश्रम निवारणका लागि विभिन्न नीतिनियम बनाएर पनि व्यवहारमा लागू हुनसकेको छैन । त्यसैको परिणामस्वरूप दिन प्रतिदिन बालश्रमिकको सङ्ख्या बढ्दै गएको छ । अधिकांश श्रमिक बालबालिकाहरू शिक्षाको अवसरबाट वञ्चित छन् । बालश्रमको विभिन्न क्षेत्रमा धेरै अध्ययन-अनुसन्धान भएका छन्, तर घरेलु बालश्रमसम्बन्धी अध्ययन-अनुसन्धान न्यून रहेको पाइन्छ । यो लेखले सामाजिक आर्थिक र शैक्षिक अवस्थालाई खोतल्ने प्रयास गरेको छ ।

**अध्ययनको उद्देश्य**

घरेलु कामदार बालकालिकाहरूले शिक्षा आर्जनमा सामना गर्नुपर्ने समस्याहरूको पहिचान गरी सुझाव दिने लेखको उद्देश्य रहेको छ ।

**अध्ययनको परिसीमा**

यो अध्ययनले १० देखि १८ वर्ष उमेर समूहका ६ देखि ९ कक्षासम्मका २० जना केटाकेटीहरूलाई मात्र समेटेको छ । अध्ययन पारिवारिक, सामाजिक, आर्थिक तथा शैक्षिक पक्षमा परिसीमित रहेको छ । अध्ययन ज्ञानोदय रात्री मा.वि. बुटवलमा मात्र सीमित गरिएको छ । यहाँको परीवेशबाट अन्य अवस्थामा सामान्यीकरण गर्ने प्रयास लेखकको छ ।

**अध्ययन विधि**

**अनुसन्धानको ढाँचा र नमुना छनोट**

यो अध्ययन मुख्यरूपमा गुणात्मक तथा परिमाणात्मक ढाँचामा तयार गरिएको छ । बुटवल नगरपालिका साहु, महाजन, व्यापारी, कर्मचारी निर्माण व्यवसायी, राजनीतिज्ञ साथै अन्य बसाइसराइँ गरी आएकाहरूको नयाँ बसोवास भएको क्षेत्र हो ।

यो अध्ययन रूपन्देही जिल्लाको बुटवल नगरपालिका क्षेत्रका विद्यालयहरूमध्ये एउटा विद्यालयमा अध्ययनरत घरेलु बालश्रमिकहरूलाई केन्द्रबिन्दु बनाएर गरिएको छ । ज्ञानोदय रात्रि मा.वि. छनोट गर्नुको कारण दिनभर काम गरेर रात्रिमा पढ्न पाइने भएकाले यहाँ घरेलु कामदार बालबालिकाहरूले पढ्ने गर्दछन् ।

**तथ्याङ्कको स्रोत तथा साधन**

तथ्याङ्क सङ्कलन गर्न प्राथमिक तथा द्वितीय स्रोतहरूको प्रयोग गरिएको छ । प्राथमिक स्रोतहरूमा घरेलु बालश्रमिकहरू, घरमालिकहरू र शिक्षकहरूसँग प्रत्यक्ष अर्न्तवार्ता र प्रश्नावली लिइएको छ । बुटवल मा.वि. का शिक्षक मैयादेवी अम्गाईको सहयोगमा तथ्याङ्क सङ्कलन गरिएको हो । अन्य सहायक स्रोतहरूमा विभिन्न बालश्रमिकसम्बन्धी शोधपत्रको अध्ययन, विद्यालयको अभिलेखहरू, पत्रपत्रिका तथा सन्दर्भ सामग्रीहरू, प्रकाशित लेख रचना आदिलाई आधार बनाइएको हो ।

**छलफल र नतिजा**

यसअन्तर्गत घरेलु बालश्रमिकले शिक्षा आर्जनमा सामना गरेका समस्याहरू र तिनको समाधानका उपायहरूको व्याख्या गरिएको छ ।

**वैयक्तिक समस्या**

यस उपशीर्षकअन्तर्गत बालश्रमिकहरूले आफूले भोग्नु परेका तत्कालीन शैक्षिक समस्याहरूलाई उनीहरूकै अनुभवमा प्रष्ट पार्ने प्रयास गरिएको छ ।

मिलन सूर्यवंशी कक्षा ८ : "पढ्न मन लाग्छ फुर्सद नै हुँदैन, महिनामा सबै दिन स्कूल जान पाईंदैन, घरमा काम पर्छ । मोवाइल दोकान पनि छ, ग्राहक नआउँदा पढ्छु ।"

प्रविन सारू कक्षा ६ : "बुटवल बहुमुखी क्याम्पसका सरहरूले विद्यालय जाने व्यवस्था मिलाइ दिनु भएको हो । दिउँसो खानापछि पढ्ने मौका त मिल्छ, थकाइ लाग्छ, पढेर दिमागमा केही घुस्दैन, अल्छी लाग्छ ।"

मुना महतो कक्षा ८ : "पढ्ने व्यवस्था घरको आमा (साहु) ले नै मिलाइदिनु भएको हो । पढ्ने मौका त त्यति मिल्दैन । दिउँसो सबै काम सकेपछि पढ्छु । गृहकार्य गर्छु, थकाई लाग्छ । साँझ विद्यालय जानेबेला भइहाल्छ । सँधै विद्यालय जान पाउँदिन घरमा काम पर्छ ।"

सावी ज्ञवाली कक्षा ८ : "कक्षा ७ मा पढ्न छोडेको अहिले ८ मा भर्ना भएँ, बिहान बेलुका घरको काम गर्छु र दिउँसो दोकानमा सामान बेच्छु । पढ्ने फुर्सद हुँदैन । ग्राहक नआउँदा पढ्छु । महिनामा धेरजसो दिन विद्यालय जान पाउँदिन ।"

**पारिवारिक समस्या**

घरेलु बालश्रमिक बन्नुमा पारिवारिक समस्या प्रमुख कारणका रूपमा रहेका देखिन्छन् । ती कारणहरूको छानबिन गर्दा शिक्षाको अभावमा रूढिवादी, परम्परा तथा अन्धविश्वास, कृषि मुख्य पेसा, छोरालाई महत्त्व दिनेजस्ता कुराहरूले गर्दा प्रायः ग्रामीण क्षेत्रका मानिसहरूले सानै उमेरमा विवाह गर्ने महिला भनेको बच्चा जन्माउने मेसिन हो भन्ने वाणीलाई जल्दोबल्दो रूपमा प्रयोग गर्ने, सन्तान भगवानको वरदान हो, जति दिए पनि हात थाप्नुपर्छ, बच्चा जति जन्माए पनि आफ्नो भाग्य आफै लिएर आएका हुन्छन् भन्ने भनाइलाई आत्मसात् गर्ने । छोरीलाई सन्तानको रूपमा नगन्ने । छोराको मुख देखे पनि मरेपछि स्वर्ग पुगिन्छ, किरिया र दागबत्ती दिने सन्तान छोरा नै हो भनेर महत्त्व दिने

जस्ता कारणहरूले गर्दा त्यस्ता बाबुआमाले जन्माएका सन्तानहरू आज २१ औं शताब्दीमा आइपुग्दा पनि पढ्ने लेख्नेजस्ता शिक्षाको ज्योतिबाट अँध्यारोमा धकेलिएर घरेलु बालश्रमिक बन्न पुगेको देखिन्छ ।

२० जना बालबालिकामा गरिएको प्रश्नको उत्तरमा छ जना बालबालिकाको आमा नभएको (मृत्यु) बाबुले अर्को बिहे गरेको । भाई बहिनी धेरै भएको । ७ जना बालबालिकाको बुवाको मृत्यु भएको । धेरै आयस्रोत नभएको । कृषि मुख्य पेसा, अधिया गर्दा पनि खान नपुग्ने । पढ्ने भन्ने कुराभन्दा बिहानबेलुका हातमुख जोर्ने कुरा नै ठूलो भएको पढ्न र पढाउन समस्या परेको पाइयो ।

२० मध्ये १ जना (केशव तामाङ) आमाबुवा र घरबार विहीन हुनुका साथै भगवानले नै सबै कुरा हरेपछि मामाकोमा हुर्किएर बालश्रमिक साथीकै सहयोगमा (सन्जु क्षेत्रीको) मकवानपुर (टिस्टुङ पालुङ) बाट गोलपार्क नारायाणजङ्ग पाण्डेका घरमा आएर पढ्ने मौका पाएको कुरा बताउँछन् ।

**आर्थिक तथा सामाजिक समस्या**

बेरोजगार हुनु, आम्दानीको स्रोत न्यून हुनु र कृषि मुख्य पेसाका रूपमा भए पनि जीवन निर्वाह गर्न अधिया ज्यालादारी, मजदुरी गर्नु पर्ने, बिहानबेलुका पेटभरि खान नपाउनेजस्ता समस्याहरूले गर्दा विद्यालयमा उपस्थित भई शिक्षा आर्जन गर्न नपाएको देखियो ।

यिनीहरू विद्यालयमा साथीसरह बसेर पढ्न लेख्न नपाएको कुरा बताउँछन् । धनी वा उच्च ओहोदाका व्यक्ति तथा मालिकहरूले आफ्नो छोरा छोरीसँग हिड्न बोल्न नदिने र कक्षामा बस्दा पनि साथीहरूले हेला गर्नेजस्ता कारण पढ्न समस्या परेको यिनीहरू बताउँछन् । अधिकांश घरेलु बालश्रमिकहरूमा सामाजिक अन्याय भएको पाइन्छ ।

**नीतिगत समस्या**

सरकारी तथा गैरसरकारी निकायहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तवरबाट घरेलु बालश्रमिकको समस्याहरूलाई समाधान गर्न विभिन्न प्रयास गरिएको भए तापनि एकातर्फ स्पष्ट नीतिकै समस्या देखिन्छ भने अर्कोतर्फ सामान्य नीति निर्माण भए पनि कार्यान्वयन भई बालश्रमिकलाई सेवा सुविधा दिएको पाइँदैन । सरकारले नीति बनाएर कार्यान्वयन गरेको भए प्रत्येक जिल्लामा रहेका हामीजस्ता घरेलु बालश्रमिकहरूको लागि छात्रवृत्तिको व्यवस्था, ड्रेसको व्यवस्था, खाना, नास्ताको व्यवस्था, निःशुल्क शिक्षाको व्यवस्था गरिदिए हामी राम्रोसँग शैक्षिक सुधार गर्न सकिन्थ्यो भन्ने कुरा बताउँछन् कक्षा ९ मा अध्ययन गर्ने श्रमिक वीरबहादुर र केशव श्रेष्ठ ।

**भेदभावको समस्या**

पुँजीपति वर्गहरू जुन घरेलु कामदारको मालिकका रूपमा रहेका छन् । यस अवस्थामा घरेलु बालश्रमिकहरूले घरमालिकको भेदभावपूर्ण व्यवहारले गर्दा शिक्षा आर्जनमा समस्या परेको, घरमालिकले छोराछोरीप्रति देखाएको व्यवहार र हामीप्रति देखाएको व्यवहारले पढाइमा गाऱ्हो परेको बताउँछन् ।

**शिक्षक र विद्यालय प्रशासनवाट प्राप्त समस्या**

यस अध्ययनमा शिक्षणको क्रममा देखापरेका विभिन्न समस्या तथा कठिनाइहरूलाई शिक्षकहरूले विभिन्न तरिकाबाट समाधान गर्ने प्रयास गरिएको शिक्षकहरू बताउँछन् । कक्षा कार्य घरमा गर्न नभ्याएको अवस्थामा विद्यालयमा नै गर्ने

गराउने काममा सहयोग गर्ने । एक दिन विद्यालयमा अनुपस्थित हुँदा छुटेको पाठ पुनः अर्को दिन दोहोऱ्याउने । नबुझेका पाठ तथा अभ्यास सोधेर लेख्न उत्प्रेरित गर्नेजस्ता कार्यहरू गरी बालश्रमिकहरूलाई सहयोग गरेको पाइन्छ ।

विद्यालय प्रशासनको तर्फबाट पनि शिक्षकहरूलाई त्यही किसिमको निर्देशन रहेको प्र.अ. को भनाइ छ । यसरी विद्यालयले बालश्रमिकहरूलाई पूर्ण सहयोग गर्दै आए पनि अधिकांश घरमालिकहरूले उनीहरूको पढाइप्रति त्यति ध्यान नराख्ने, विद्यालयमा उपस्थित नहुने, पढाइको बारेमा सोधपुछ नगर्नेजस्ता कारणले बालश्रमिक पढाइमा कमजोर रहेको प्र.अ. को धारणा रहेको छ ।

**बालश्रमिकको उमेर, शारीरिक अवस्था र साथीसँगीको प्रभाव सँग जोडिएको समस्या**

कक्षा ६ देखि ९ सम्मका विभिन्न उमेर समूहका श्रमिकहरू रहे पनि १० देखि १६ वर्षभित्रकै रहेका थिए । उनीहरूको शारीरिक अवस्था दुब्लो, पातलो, दयनीय अनुहार, रसिला आँखा (प्रतिक्रिया दिंदाको अवस्थामा) उत्तर दिँदा कतै बिग्रन्छ कि भन्दै रोकिई-रोकिई बोलेको पाइयो । साथीसँगीको मेलमिलाप, सहयोग, साथीहरूले उनीहरूप्रति गर्ने व्यवहार र शिक्षकले गर्ने व्यवहार सकारात्मक रहेको उनीहरू बताउँछन् ।

**घरेलु बालश्रमिकको शैक्षिक पहुँच बढाउने उपायहरू**

आजका बालबालिका भोलिका कर्णधार तथा देश निर्माणका मूल आधार हुन् । कुनै पनि देशको विकास शिक्षा तथा आर्थिक स्रोतमा निर्भर गर्दछ । बालबालिकाहरू चाहे घरेलु बालश्रमिक हुन् चाहे अन्य बालश्रमिक हुन्, सबै देशका नागरिक हुन् । ग्रामीण क्षेत्रमा भएको गरिबी, भूमिको असमान वितरण, चेतनाको अभाव, शिक्षाको पहुँच नहुनु, रूढिवादी परम्परा तथा अन्धविश्वास, अभिभावकको अशिक्षा, बुवाआमाको मृत्यु, पारिवारिक विखण्डन तथा दैवीप्रकोप, युद्वजस्ता कुराले गर्दा बालबालिकाहरू कामको खोजीमा भौँतारिँदै सहर पसी बालश्रमिक बनेको पाइयो । यसरी आत्मसम्मान गुमाएका बालबालिकाहरूलाई सामाजिक तिरस्कारबाट मुक्त गराई सामान्य बालबालिका सरह जीवनयापन गर्न गराउन राष्ट्र, समाज तथा व्यक्तिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । राष्ट्रले सर्वव्यापी, सर्वसुलभ, निःशुल्क शिक्षा तथा पहुँच पुऱ्याउनु पर्दछ । घरेलु बालश्रमिकको शैक्षिक पहुँच बढाउन राज्यले निम्न पक्षमा ध्यान दिनुपर्दछ ।

- घरेलु बालश्रमिक राख्ने घरमालिक वा अभिभावकले बालश्रमिकलाई अनिवार्य रूपमा विद्यालय पठाउनु पर्ने नीति तर्जुमा गर्नु पर्दछ ।
- राष्ट्रले घरेलु बालश्रमिकको शैक्षिक पहुँच बढाउन विशेष शैक्षिक छात्रवृत्तिको व्यवस्था गर्नु पर्दछ ।
- घरेलु बालश्रमिकको अध्ययन-अध्यापनको लागि निश्चित समयको व्यवस्था गर्नु पर्दछ ।
- नेपाल सरकारले उच्च शिक्षाको लागि उचित प्रवन्ध तथा सीपमूलक (वस्त्र सिलाई, बुनाई, कटाई, मोटर साइकल मर्मत, मोवाइल मर्मत, वाइरिङ्ग, पेन्टिङ्ग, प्लम्बिङ्ग, ब्यूटिपार्लर (सैलुन) तालिमको व्यवस्था गर्नु पर्दछ । सीप प्राप्त बालबालिकाहरूलाई रोजगारीको व्यवस्था मिलाउनु पर्दछ ।

**सुझावहरू**

बालबालिकाको हक तथा अधिकारको पक्षमा बालश्रमिक विरुद्ध व्यापक जनचेतना बढाउनु पर्दछ । पढ्ने उमेर पार गरिसकेका र पढ्न नचाहने बालबालिकाहरूलाई व्यवसायिक तालिम दिनुका साथै तालिम प्राप्त गरिसकेपछि रोजगारी प्रदान गर्नुपर्दछ । गरिबी नै बालश्रमिकको मुख्य कारण भएकोले, श्रमिकको परिवारको आर्थिक अवस्था माथि उठाउन सरकारी तवरबाट प्रयत्न गर्नु पर्दछ ।

बालबालिकाहरूलाई घरेलु काममा प्रयोग गर्ने सम्बन्धमा स्पष्ट नियमको व्यवस्था गरिनु पर्दछ । काम गर्ने समय र पारिश्रमिक तोकिनु पर्दछ । शिक्षा नै विकासको मूल आधार भएकोले बालश्रममा लगाउने मालिकहरूले अनिवार्य रूपमा बालश्रमिकलाई विद्यालयमा पठाउनु पर्ने व्यवस्था कानूनी रूपमा लागू गर्नुपर्दछ । निम्न वर्गका परिवारलाई उनीहरूका छोराछोरी विद्यालय पठाउन प्रोत्साहन गर्ने शिक्षा नीति लागू गर्नुपर्दछ । यसअन्तर्गत छोराछोरी विद्यालयमा नपठाउने अभिभावकहरूलाई पठाउनका लागि उत्प्रेरित गर्नुपर्दछ । निःशुल्क शैक्षिक सामग्री र छात्रवृत्ति, खाजा र रोजगारको व्यवस्था गर्नु पर्दछ ।

**निष्कर्ष**

नेपालको सन्दर्भमा भन्नु पर्दा गरिबी, अशान्ति, अशिक्षा, पछौटेपन, सामाजिक भेदभाव, बेरोजगारी आदिजस्ता कारणहरूले गर्दा घरेलु बालश्रमिकहरू बढी हुने गर्दछन् । आजको २१ औं शताब्दीको युगमा आएर पनि अधिकांश बालबालिकाहरू शिक्षा क्षेत्रबाट वञ्चित भएका छन् भने कतिपय बालबालिकाहरू पढ्ने, खाने र लगाउने आशामा घरेलु बालश्रमिक हुन बाध्य भएका छन् ।

घरेलु बालश्रमिहरूको रूपमा प्रायः १० देखि १६ वर्षसम्मका बालबालिकाहरूले प्रत्येक दिन १० देखि १२ घण्टासम्म काम गरेको पाइन्छ । बालश्रमिकहरू गरिबी तथा आर्थिक समस्याका कारण घरेलु बालश्रमिकको रूपमा संलग्न रहेको पाइन्छ । गरिबीका कारण अभिभावक स्वयंले आफ्ना छोराछोरीहरूलाई शिक्षा हासिल गर्न गराउन तथा परिवारको आर्थिक बोझ कम गराउनका लागि काममा पठाएको पाइन्छ भने कुनै बालश्रमिकहरू त खाना खान र नाना लगाउनका लागि मात्र बालश्रमिक भएको पनि पाइन्छ ।

नेपाल एउटा विकासोन्मुख राष्ट्र हो । यहाँका करिब ४२ प्रतिशत जनता गरिबीको रेखामुनि पिल्सिएका छन् । ग्रामीण क्षेत्रमा अधिकांश जनताहरू गरिब रहेको पाइन्छ । ग्रामीण क्षेत्रका गरिब परिवारले आयआर्जनको लक्ष्य बनाएर आफ्ना बालबालिकाहरूलाई घरेलु बालश्रमिकका रूपमा काम गर्न पठाउने सामान्य चलन रहेको पाइन्छ ।

कुनै पनि बालक गरिब परिवारमा जन्म लिनु उनीहरूको दोष होइन । गरिब परिवारमा जन्म लिएकै कारण उनीहरू पीडित र अपहेलित भएर बाँच्नु पर्छ भन्ने पनि छैन । उनीहरू पनि यस देशका नागरिक हुन् । हाम्रो समाजमा ती घरेलु बालश्रमिकहरूको काम, कर्तव्य र अधिकार भनेकै हुनेखानेहरूको सेवा पुऱ्याउनु नै हो भन्ने सामाजिक मूल्य मान्यताका रूपमा रहेको देखिन्छ ।

राज्यले सबैको लागि समान शिक्षा भनेर घोषणा गरे पनि यो व्यवहारमा त्यति प्रयोग भएको पाइँदैन । शिक्षामा सबै खालका बालश्रमिकहरूलाई समान रूपमा सहभागी गराउन सकेको पाइँदैन । घरेलु कामदारको रूपमा संलग्न कामदार बालबालिकाहरूको शिक्षमा सहभागिता अझै पूर्ण रूपमा भएको पाइँदैन ।

**सन्दर्भ कृतिसूची**

सीविन (२०५८). *बाल सरोकार.* वैशाख (असार, अङ्क ४३), काठमाडौँ ।

सीविन (२०६२)( *बाल सरोकार.* (साउन-असोज, अङ्क ५४, काठमाडौँ ।

राना, राममायाँ (२०६३). घरेलु बालश्रमिकको शैक्षिक अवस्था : पोखरा उपमहानगरपालिकामा कार्यरत घरेलु बालश्रमिकको एक अध्ययन, अप्रकाशित शोधपत्र, एम.एड. पाठ्यक्रम केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

त्रि.वि. (२०६४). *सामाजिक न्याय शिक्षा.* शिक्षाशास्त्र सङ्काय डीनको कार्यालय, कीर्तिपुर ।

काफ्ले, बासुदेव र अन्य (२०६५०). *शिक्षामा सामाजिक न्याय,* सनलाइट पब्लिकेसन, काठमाडौँ ।